
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २५ ❑ अङ्क १९६ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ साउन १३ गते आइतबार ❑ 28 July 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–

## आइतबारदेखि गण्डकी प्रदेशमा सार्वजनिक यातायात सेवा संचालन नगर्ने

**पोखरापत्र संवाददाता**
पोखरा, १२ साउन

गण्डकी प्रदेशको राजधानि पोखरा सहित प्रदेशमाआइतबारदेखिसार्वजनिक यातायात सेवा संचालन नगर्ने व्यवसायीहरुले बताएका छन् ।

प्रदेशमा राइड शेयरिय एपलाई मान्यता दिन लागेको बिरोधमा आन्दोलनमा उर्त्रिएको नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघ गंण्डकी प्रदेशले आफ्नो माग पूरा नभएको भन्दै आइतबार देखि आफ्ना सम्पूर्ण यातायात सेवा संचालन नगर्ने भएको प्रदेश संयोजक केदार प्रसाद पौडेलले बताउनु भयो ।

रातो प्लेटलाई समेत अवैध रुपमा यात्रु ओसारपोसर गर्न दिने गरी कार्यविधि ल्याउन लागेको भौतिक पूर्वाधार बिकास तथा यातायात व्यबस्था मन्त्रालयको उक्त निर्णय फिर्ता गर्न दिएको ४८ घण्टे अल्टिमेटम समेत सकिने अबस्थामा आफुहरुको



माग पूरा नहुने भएकोले आफ्ना मातहातमा रहेका सबै सवारी साधनहरु संचालन नहुने भएको उहाँले जनाउनु भयो ।

आइतबार पोखराको पोखरा बस सेवा, पोखरेली ट्याक्सी सेवा, पृथ्बीराजमार्ग बस संचालक कम्पनी लगायतका विभिन्न कम्पनीहरुका छोटो तथा लामो दुरीका कुनै पनि यात्रु बहाक बस तथा यातायात सेवा प्रभावित हुने भएको महासंघ प्रदेश ुसचिव योगेन्द्र केसीले बताउनु भयो ।

गण्डकी प्रदेश सरकारका मुख्यमन्त्री तथा मन्त्री परिषदको कार्यलय, भौतिक पुर्वाधार तथा यातायात व्यबस्था मन्त्रालय र जिल्ला प्रशासन कार्यलय कास्कीलाई ४८ घण्टा समय सिमा तोकी ७ बुँदे माग सहित ज्ञापन प्रत्र बुझाएकोमा सम्बन्धित निकायले आफ्ना मागहरु प्रति कुनै चासो नदेखाउनुका साथै बेवास्ता गरेको कारण आइतबार देखि गण्डकी प्रदेशभरि कुनै पनि सार्वजनिक सवारी साधनहरु सञ्चालन नहुने महासंघले जनाएको छ । आफ्ना सम्पुर्ण सवारी साधनहरु घर ग्यारेजमा राखी आन्दोलनमा उर्त्रिने भएको सचिव केसीले जनाउनु भयो ।

उक्त कार्यले आम नागरिक तथा यात्रुवर्गमा पर्न जाने असुविधा प्रति महासंघ गण्डकीले प्रेस विज्ञेप्ति मार्फत क्षमा समेत मागेको छ। यष बिषयमा गण्डकी प्रदेशका भौतिक पूर्वाधार विकास तथा यातायात व्यबस्था मन्त्री राजीव गुरुङ्ले हालसम्म राइड शेयरिङ्को कानून नभएकोले उनीहरुलाई संचालन गर्ने गरी कार्यविधि ल्याउन लागेको बताउनु भयो । व्यवसायीले आन्दोलन गरी सडकमा ट्याक्सी तेर्साएमा आफुहरुले डोजर र जेसिभि तेर्साउने उहाँले प्रतिकृया दिदै कानून बनायर निश्चित मापदण्डका आधारमा सबैलाई गरि खाने वातावरण मिलाउने जनाउनुभयो ।

## डिजिटल नेपाल अभियानले मुलुकमा आमुल परिवर्तन गर्छः संचारमन्त्री गुरुङ

**पोखरापत्र संवाददाता**
पोखरा, १२ साउन




सञ्चार तथा सूचना प्रविधि मन्त्री पृथ्वी सुब्बा गुरुङले डिजिटल नेपाल अभियानले मुलुकमा आमुल परिवर्तन गर्ने बताउनु भयो। नेपाल पत्रकार महासंघ कास्कीले शनिबार पोखराको होटल बाराहीमा आयोजना गरेको पत्रकार सम्मेलनमा वोल्दै मन्त्री गुरुङले डिजिटल नेपाल अभियानले मुलुकमा आमुल परिवर्तन गर्ने दाबी गर्नु भएको हो ।

सरकार हाल डिजिटल नेपाल बनाउने अभियानमा लागेको उहाँको भनाई थियो । हालसम्म डिजिटल नेपाल बनाउने फ्रेमवर्क निर्माण भएको उल्लेख गर्दै उहाँले कुनै फाइनलहरुको तोक तथा टिप्पर्णी उठाउदा हाल आफ्नो मन्त्रालयबाट डिजिटल नेपालको अभियान अर्न्तगत कलमले दस्तखत नगर्ने तर अनलाइनबाटै संचालन गर्ने गरेको सुनाउनु यो ।

अघिल्लो सरकारले ल्याएको बजेटका कारण आफुहरुको काममा केही बाधा पुगे पनि अघिल्लो सरकारले ल्याएका धेरै राम्रा काम र योजनाहरु कार्वान्वयन हुने मन्त्री गुरुङले जनाउनु यो ।

उहाँले भन्नुभयो "नेपालमा ई–भरनर्स कायम गर्न पनि सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको महत्वपूर्ण भूमिका हुन्छ, त्यसमा म अधिकत्तम रुपमा मेरो मन्त्रालयबाट केही सुरुवात गर्छु ।" टेलिफोन नभएको स्थानमा पुर्याउने आफ्नो जिम्मा भएको बताउदै मन्त्री गुरुङले पछिल्लो समयमा अनलाइन र अनलाइन टेलिभिजनहरुले संचार माथिको विश्वशनियता माथि प्रश्न उठ्ने काम भएकोले त्यसको अब नियमन र अनुगमन गर्ने बताउनु भयो । वडा देखि सरकारी तथा गैरसरकारी संघ संस्थाहरुको सम्पूर्ण नेपालको तथ्याङ्क आफ्नो मन्त्रालयमा रहने उल्लेख गर्दै मन्त्री गुरुङले त्यसलाई डिजिटल गराउने आफुहरु अभियानमा रहेको जनाउनुभयो ।

गण्डकी प्रदेशका संस्थापक मुख्यमन्त्री समेत रहनु भएको मन्त्री गुरुङले हालसम्म आफुले थाहा पाएसम्म कुनै पनि मुख्यमन्त्रीहरुले प्रदेशको दिगो र संस्थागत विकासको लागि संघ सरकारले दिने बजेट प्रयाप्त मात्रामा माग्न नसकेको दाबी गर्नु भयो । देशका दुई ठुला दल मिल्नु विरलै मात्रमा हुने संसदीय अभ्यास भएको उल्लेख गर्दै उहाँले देशमा भएको अस्थिरता र कानून संसोधनको लागि दुई ठुला दल बिचको गठबन्धन भएको उल्लेख गर्नु भयो। अहिलेको सरकारलाई अब देशमा आर्थिक विकास र समृद्धि गराउनु पर्ने ठुलो दाहित्व आएको बताउदै अब देशमा अस्थिर राजनीतिक बनाउने छुट कसैलाई नभएको जनाउनु भयो। अहिलेको सरकार असफल भए मुल धारका ठुला पार्टीहरु पुरानो भई असफल हुने मन्त्री गुरुङले बताउनु भयो ।

यो सरकारले फरक ढंगका साथ काम गर्ने उहाँको भनाई छ। जनतामा जुन निरासा छायको छ र सरकार प्रतिको विश्वास गुम्दै गएको छ त्यसको लागि अहिलेको सरकारले एक महिना भित्र जनतालाई अनुभुति हुने गरी आफुहरुले कामको थालनी गरेको उहाँको भनाई छ । सूचना तथा प्रविधि मन्त्रालय सहितका धेरै निकायमा कानूनहरु समेत संसोधन गर्न आवश्यक भएको मन्त्री गुरुङले बताउनु भयो । संघका अध्यक्ष विमल भण्डारीको अध्यक्षतामा कार्यक्रम सम्पन्न भएको थियो ।

## निःशुल्क कानुन पढाउँदै बागलुङ नगरपालिका

**पोखरापत्र संवाददाता**
बागलुङ, १२ साउन

बागलुङ नगरपालिकाले कानुन विषय अध्ययन गर्ने विद्यार्थीलाई प्रोत्साहन गर्न थालेको छ ।

प्राविधिक तथा अन्य विषयलाई राज्यले समेत प्रोत्साहन गरे पनि कानुन विषय थोरैको रोजाइमा पर्ने भन्दै कानुन पढ्ने विद्यार्थी बढाउन पहिलोपटक छात्रावृत्तिका व्यवस्था मिलाउन आवेदन खुलाएको छ ।

सबै वर्ग, तह र तप्काका व्यक्तिको न्यायमा सहज र सरल पहुँच स्थापित गर्न कानुनका विद्यार्थी उत्पादन गर्न आवश्यक रहेको भन्दै नगरपालिकाले एक वर्षमा २० विद्यार्थीलाई कानुन विषय पढाउने भएको छ । न्याय खोज्न अदालत मात्र जाने परिपाटीलाई हटाउन, स्थानीय तहको न्यायिक समितिप्रतिको पहुँच विस्तार गर्न सहयोग पुग्ने गरी नगरपालिकाभित्रका विद्यार्थीलाई कानुन विषयमा अध्यापन गराउन कक्षा ११ र १२ मा लाग्ने सबै शुल्क तिर्ने भएको हो ।

न्यान सम्पादनमा कानुनी विज्ञता भएका व्यक्तिको अभाव, कानुनप्रति विद्यार्थीको आकर्षण नहुनुलाई मध्यनजर गर्दै कानुन विषयमा अध्ययन गर्ने विद्यार्थीलाई निःशुल्क पढाउने व्यवस्थाका लागि विद्यार्थीलाई आवेदन माग गरिएको बागलुङ नगरपालिका नगरउपप्रमुख राजु खड्काले जानकारी दिनुभयो ।

"न्यायिक समितिलाई संविधानले न्यायको पहुँच स्थानीयस्तरसम्मै सुनिश्चित गर्ने हेतुले अघि सारेको विषयलाई विश्वसनीय ढङ्गले आमजनतामाझ पुर्याउन जरुरी छ", उपप्रमुख खड्काले भन्नुभयो, "समुदायमा न्यायिक ज्ञान अभावले धेरै जनताले दुःख पाइरहेको देखेर बागलुङ नगरपालिकाका विद्यार्थीलाई कानुन विषयमा अध्ययन गर्ने वातावरण तयार गरी जनताको न्यायको सारथी बनाउने हाम्रो प्रयास हो ।" समाजमा कानुनको अध्ययन र कुशल मेलमिलापकर्ताको आवश्यकता महसुस गरेर न्यायिक समितिले कानुन पढाउनका लागि विदार्थीलाई प्रोत्सहन गर्न थालेको खड्काले बताउनुभयो । कानुन विषय अध्यापन गराइरहेको आदर्श विद्यामन्दिर माध्यामिक विद्यालयसँग एक वर्षमा कक्षा ११ र १२ का विद्यार्थी गरी १०-१० जनाको सम्पूर्ण शुल्क व्यहोर्ने गरी सम्झौता गरिने छ ।

## आगामी निर्वाचनसम्मै कांग्रेस एमालेको सरकार : सञ्चारमन्त्री

**पोखरापत्र संवाददाता**
लमजुङ, १२ साउन

सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले मुलुक विकासका लागि कांग्रेस र एमालेको संयुक्त सरकार गठन भएको र यो आगामी निर्वाचनसम्मै रहने बताउनुभएको छ ।

शनिबारदेखि सुरु भएको राष्ट्रिय युवासङ्घ नेपाल गण्डकी प्रदेशको प्रथम अधिवेशनको उद्घाटन गर्दै मन्त्री गुरुङले विकासको गति बढाउनका लागि दुई ठूल मिल्नुपरेको स्पष्ट पार्नुभयो । सबै क्षेत्रको विकासमा सरकारले ध्यान दिने बताउँदै मन्त्री गुरुङले मुलुकलाई विकसित देशको दाँजोमा लैजानका लागि प्रतिबद्ध भएर लाग्ने बताउनुभयो । उहाँले प्रधानमन्त्री केपी ओलीलाई प्राप्त मत अझै थपिँदै जाने विश्वास व्यक्त गर्नुभयो । प्रधानमन्त्रीले एक महिनाभित्रमा सबै मन्त्रीहरूलाई देखिनेगरी काम गर्न निर्देशन दिनुभएको र सोही अनुरूप मन्त्रीहरू अघि बढेकाले कामको गति देखिने मन्त्री गुरुङको भनाइ छ । उहाँले विकासका कार्यक्रमलाई तीब्ररूपमा अगाडि बढाएर सरकारले जनतामा आशाको सञ्चार गराउने अठोट लिएको बताउनुभयो ।

कार्यक्रममा एमाले पोलिब्यूरो सदस्य तथा युवासङ्घका पूर्वअध्यक्ष महेश बस्नेतले देश बनाउने जिम्मा युवाहरूको काँधमा आएकाले सोही अनुरूप युवाहरू अग्रसर हुनुपर्नेमा जोड दिनुभयो । एमाले पार्टीले युवाहरूलाई विभिन्न अवसर दिँदै आएको उहाँको भनाइ छ । सङ्घका केन्द्रीय पूर्वअध्यक्ष राजीव पहारीले युवाहरूले देश निर्माणमा ठूलो योगदान दिएको र राज्यले पनि सोही अनुरूप युवाहरूलाई अवसर प्रदान गर्नुपर्ने बताउनुभयो ।

त्यस्तै एमाले केन्द्रीय सदस्य तथा संविधानसभा सदस्य जमिन्द्रमान घले, एमाले गण्डकी प्रदेश सचिव धनजय दवाडीले युवासङ्घले जनतामा विश्वास जगाएर काम गर्नुपर्ने बताउनुभयो ।

## सौर्य एयरलाइन्सको विमान दुर्घटनामा मृत्यु भएका १७ जनाको शव आफन्तले बुझे

**रासस**
काठमाडौं, १२ साउन

सौर्य एयरलाइन्सको विमान दुर्घटनामा परी मृत्यु भएका १७ जनाको शव आफन्तले बुझेका छन् ।

विमान दुर्घटनामा मृत्यु भएका १८ मध्ये शनिबार साँझसम्म १७ जनाका आफन्तले शव बुझेको नेपाल प्रहरीका प्रवक्ता प्रहरी नायब महानिरीक्षक दानबहादुर कार्कीले जानकारी दिनुभयो ।

उहाँका अनुसार मृतक एक विदेशीको प्रक्रिया पुर्याएर शव व्यवस्थापन गरिनेछ । त्रिवि शिक्षण अस्पताल महाराजगञ्जमा शव शवपरीक्षणपछि शुक्रबार र शनिबार आफन्तले शव बुझेका हुन् । शुक्रबार पाँचजना र शनिबार १२ जनाले शव बुझेका हुन् ।

यही साउन ९ गते बुधबार सौर्य एयरलाइन्सको विमान उड्ने बित्तिकै त्रिभुवन अन्तर र्ाष्ट्रिय विमानस्थल क्षेत्रमा दुर्घटनाग्रस्त हुँदा विमानमा सवार चालक दलका सदस्यसहित १९ जनामध्ये १८ को मृत्यु भएको थियो । सोही दुर्घटनामा क्याप्टेन मनिषरत्न शाक्य बाँच्न सफल हुनुभएको छ । दुर्घटनामा घाइते क्याप्टेन शाक्यलाई तत्काल उद्धार गरी सिनामङ्गलस्थित काठमाडौं मेडिकल कलेजमा ल्याई सघन उपचारकक्षमा उपचार गरिएको थियो । अहिले उहाँको स्वास्थ्य अवस्था सामान्य रहेको अस्पतालले विज्ञप्तिमार्फत जनाएको छ ।

सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्पलेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# माछाका परिकारले बढाए पर्यटक

**पोखरापत्र संवाददाता**
पोखरा, १२ साउन

पोखराको विजयपुरवारीको लेखनाथ क्षेत्र सात तालबाट चर्चित छ । यहाँका सातवटै ताल रामसार सूचीमा सूचीकृत छन् । तर लेखनाथ क्षेत्रमा तालका कारण नभइ यहाँका पाइने माछाका परिकारले चर्चित छ। माछाका स्वादिला परिकारकै कारण पर्यटकीय गतिविधि बढेको यहाँका पर्यटन व्यवसायीहरुको तर्क छ। यहाँ आउने अधिकांश पर्यटक तालका कारणभन्दा पनि माछाका परिकार खान आउने गरेको उनीहरुको बुझाइ छ।

तालमा पर्याप्त माछा पाइने भएकाले पर्यटकको रोजाइको गन्तव्य बनेको व्यवसायीहरुले सुनाए । यहाँका बेगनास, रुपालगायतका ताल र आसपासका क्षेत्रका स्थानीयहरु प्नि व्यावसायिक माछापालनमा पनि सक्रिय छन्। बेगनास ताल किनाराका माझीकुना, पिप्ले होस् वा ड्याम साइडलागयतका क्षेत्रमा हरेक दिन ठूलो सङ्ख्यामा पर्यटकहरू माछाका परिकार खानकै लागि आउने गरेका छन् । बेगनास तालको उत्तरी किनारास्थित पिप्ले गाउँका ४२ परिवारमध्ये अधिकांश माछामै निर्भर छन् । यहाँका ३२ परिवार जलारी समुदायका छन् भने छ परिवार विक र चार अन्य समूदायका छन् । बस्ती बस्नुअघि कहिलेकाँही चलचित्र छायाँङ्कन र पर्यटकको 'क्याम्पिङ' स्थलका रूपमा मात्र रहे पनि यो स्थान अहिले माछाका पारखीको गन्तव्य बनेको स्थानीय दी फिसरम्यान रेष्टुराँका सञ्चालक टेकबहादुर जलारीले बताउनुभयो । स्थानीय समुदाय झण्डै साढे पाँच दशकयता माछामै निर्भर छन् । माछा बिक्री गरेरै यहाँका अधिकांश परिवारले मासिक रु २० देखि रु ५० हजारसम्म आम्दानी गर्ने गरेका छन् । पिप्लेमा माछा मारेर बेच्ने मात्र नभै माछाका परिकार खुवाउने होटेल तथा रेष्टुरेन्टका कारण यो पर्यटकहरूको माछा खान जाने गन्तव्यका रुपमा स्थापित भएको हो ।

पिप्ले जस्तै माछाकै कारण पर्यटकलाई आकर्षित गरेको अर्को गन्तव्य हो बेगनास तालको पूर्वी किनारछेउको माझीकुना। झण्डै एक दशक अघिसम्म खुल्ला चौर वनजङ्गलले भरिएको यो ठाउँ यतिखेर भने पर्यटकीय गन्तव्य जस्तै बनेको छ । केही वर्ष यता मात्रै यस स्थानको महिमा र गरिमा बढेको बताउँदै व्यवसाय जलारीले यहाँ पाइने पोलेको माछा धेरै चर्चामा रहेको बताउनुभयो।

पछिल्लो समयमा समाजिक सञ्जालका युट्र्युव, फेसबुक, टिकटक आदिले पनि माझीकुनाको आकर्षणलाई थप उचाईमा पुऱ्याएको उहाँको बुझाइ छ। विगत १० वर्ष यता माझीकुनामा पर्यटकीय आकर्षण बढिरहेको उल्लेख गर्दै प्रकाश गेष्ट हाउस एण्ड रेष्टुरेन्टका सञ्चालक प्रकाश लामिछानेले यस क्षेत्रमा हाल २८ वटा होटेल तथा रेष्टुरेन्ट सञ्चालनमा आइसकेको बताउनुभयो । पछिल्लो समयमा यस क्षेत्रका व्यवसायीले पूर्वाधार निर्माणलगायतमा जोड दिएको उहाँले बताउनुभयो । पर्यटन व्यवसायलाई व्यवस्थित गर्न यहाँका व्यवसायीहरू एकजुट बनेको उहाँको भनाइ छ।

बेगनाससँगै यहाँका रूपा, दिपाङ, खास्टे, न्युरेनी, मैदी तालहरूमा माछापालनलाई स्थानीयले जोड दिँदै आएका छन्। रुपातालमा माछाको संरक्षण र उपयोगमा जोड दिँदै रुपाताल पुनःस्थापना तथा मत्स्यपालन सहकारी संस्था क्रियाशील रहेको सो संस्थाका अध्यक्ष शिवराज अधिकारीलेबताउनुभयो।विगतमा अतिक्रमणमा पर्दै गएको काललाई संरक्षण गर्ने उद्देश्यका साथ २०५८ सालदेखि सहकारी स्थापना गरी माछापालन गर्दै आयआर्जनसमेत गरिँदै आइएको उहाँले बताउनुभयो । यसबाट पर्यटकीय गतिविधि बढेको उनको भनाइ छ । हाल उक्त सहकारीमा एक हजार ३० जना आबद्ध भइसकेका छन् । उहाँले सहकारीअन्तर्गत माछा मार्न, चौकीदार, बैंकिङ कारोबार आदिका लागि २४ जनालाई रोजगारीसमेत दिन सकिएको बताउनुभयो।

रुपातालमा पाइने माछाकै कारण सहकारीले वार्षिक करिब रु दुई करोड बराबरको माछा उत्पादन गरिरहेको छ । उहाँले तालमा रहु, नैनी, कमन, सिल्भर कार्प, तिलापियालगायत करिब २५ जातका माछा पाइने बताउनुभयो।

# कमलपोखरीको १९ औ बार्षिक साधरण सभामा सम्मान

**पोखरापत्र संवाददाता**
पोखरा, १२ साउन



पोखरा महानगरपालिका वडा १३ स्थित कमलपोखरी मार्ग टोल विकास संस्थाको १९औ साधरणसभा एवं सम्मान कार्यक्रम शनिवार अफ्नै भवनमा सम्पन्न भयो । वडा नं १३ का वडा सदस्य बलवहादुर बरालले समाजमा सवै मिलेर अगाडि बढ्नु पर्ने धारणा राखे।

कार्यक्रममा संस्थाका ८० बर्ष पुगेका १० जना जेष्ठ नागरिक र दश जोड दुई उर्तिण विज्ञान संकायका एन्जिल गुरुङ र टेक वहादुर गुरुङ, पिसीएल उर्तिण गर्ने दिप शिखा गुरुङ, स्नातकोत्तर उर्तिण विद्यादेवी गुरुङ, टोलमा प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा आर्थिक सहयोग गर्ने सदस्य र निर्माण उप-समितिमा रहेर कार्य गर्ने सदस्यहरु लगाएतलाई कार्यक्रममा सम्मान गरिएको थियो।

सभामा संस्थाका कोषाध्यक्षको प्रतिबेदन र सचिबको प्रतिबेदन अध्यक्षको प्रतिवेदन सर्वसम्मत पारित भएको छ। कार्यक्रममा संस्थाका संस्थापक अध्यक्ष रण बहादुर गुरूङ, आमा समुह अध्यक्ष पुर्ण कुमारी गुरूङ, बाँझापाटन टोल बिकास संस्थाका अध्यक्ष सुर्य लक्ष्मी श्रेष्ठ लगायतले शुभकामना दिनुभएको थियो।

संस्थाका अध्यक्ष सु. इन्द्रवहादुर गुरुङको अध्यक्षतामा भएको कार्यक्रममा सस्थाका उपाध्यक्ष सु. प्रेमवहादुर गुरुङले स्वागत र सचिव खड्क बहादुर गुरूङ खुशीमानले साहित्यमय शब्दमा संचालन गर्नु भएको थियो।

# श्रीमदवीतक चर्चा एवं श्रीकृष्ण कथा प्रवचनमा भक्तजनको भीड

**पोखरापत्र संवाददाता**
पोखरा, १२ साउन



पोखराको रत्नचोकमा रहेको श्रीकृष्ण प्रणामी मन्दिरमा जारी एक महिने श्रीमदवीतक चर्चा एवं श्रीकृष्ण कथा प्रवचनमा भक्तजनको भीड लागेको छ । भदौ १० गते कृष्ण अष्टमी सम्म सञ्चालन हुने उक्त प्रवचन कार्यक्रमको तेश्रो दिन सम्म आइपुग्दा उल्लेख्य भक्तजनले सहभागीता जनाएको श्रीकृष्ण प्रणामी सेवा समितिका अध्यक्ष मोहन प्रसाद ढकालले जानकारी दिए।

एक महिने प्रवचन कार्यक्रममा श्रीकृष्ण प्रणामी धर्मका धर्म प्रचारक तुलसी स्वरुप महाराजद्धारा प्रवचन जारी रहेकाले भक्तजनहरुको संख्या दिन प्रतिदिन बढ्दै गइरहेको समेत ढकालले जानकारी दिए।

शनिवार उक्त समारोहमा सहभागी भएका पोखरा महानगरपालिका वडा नं ७ का वडा अध्यक्ष राममोहन आचार्यले श्रीकृष्ण प्रणामी मन्दिर कृष्ण भक्तहरुको मात्र नभइ हिन्दु धर्मावलम्बीको केन्द्रविन्दु रहेको वताए । श्रीकृष्ण प्रणामी मन्दिरमा जग्गा अभावका कारण योग तथा ध्यान शिविरका लागि ठाउ नभएको वताउदै आफ्नो वडाबाट कुनैपनि खाली ठाँउ उपलब्ध गराएर योग तथा ध्यान शिविर निर्माण गरेर श्रीकृष्ण प्रणामी मन्दिरमा सहयोग गर्ने वताउदै हाल जारी रहेको कार्यक्रमका लागि पोखरा महानगरपालिका वडा नं ७ को तर्फबाट एक लाख रुपैया प्रदान गर्ने वताए । जारी रहेको श्रीमदवीतक चर्चा एवं श्रीकृष्ण कथा प्रवचनमा श्रीकृष्ण प्रणामी धर्मका धर्म प्रचारक तुलसी स्वरुप महाराजद्धारा प्रवचन र लिलाम्बर सापकोटा उपवाचक रहेका छनभने भजन संगीतमा संगीतकार बालकृष्ण आचार्य र तवेलामा सुजन बन्जराले भक्तजनहरुलाई भजन मार्फत मनोरन्जन प्रदान गरिरहेका छन । यसैविच श्रीकृष्ण प्रणामी जिल्ला युवा परिषदको २० औ साधारण सभा तथा सातौ अधिवेशन शनिवार सम्पन्न भएको छ । अधिवेशनबाट तोयनाथ सापकोटाको अध्यक्षतामा नयाँ कार्यसमिती चयन भउको छ । जसको निवर्तमान अध्यक्ष बिजय शर्मा, उपाध्यक्षमा शिशिर ठकुरी, सचिवमा उमेश बजगाइ, कोषाध्यक्षमा परिवेश रेग्मी, सह सचिवमा असिम ढकाल र सह कोषाध्यक्षमा राज बराल चयन भएका छन। त्यसैगरी सदस्यहरुमा विराज बराल, गंगा प्रसाद न्यौपाने र मध्यमा खतिवडा रहेका छन।

श्रीकृष्ण प्रणामी सेवा समितिका अध्यक्ष मोहन प्रसाद ढकालको संयोजन तथा निवर्तमान अध्यक्ष पुरुषोत्तम पुरुषोत्तम रेग्मी र जिल्ला अध्यक्ष लिलाम्बर सापकोटा सदस्य रहेको निर्वाचन मञ्डलले नया कार्यसमिति चयन गरेका थिए।

नया कार्यसमितिलाई श्रीकृष्ण मन्दिर सञ्चालक समितिका अध्यक्ष मोहन ढकाल, समितिका निवर्तमान अध्यक्ष पुरुषोत्तम रेग्मी, बाइजुराज महिला समितिका अध्यक्ष विष्णु पराजुली, युवा परिषदका निवर्तमान अध्यक्ष डाक्टर दयाराज ढकाल लगायतले शुभकामना ब्यक्त गरेका थिए।

आगामी भदौ १० गते सम्म सञ्चालन हुने श्रीमदवीतक चर्चा एवं श्रीकृष्ण कथा प्रवचन दैनिक ११ बजेदेखी २ बजे सम्म जारी रहने भएकाले पोखरामा रहेका जो कोहीले पनि उक्त कार्यक्रममा सहभागीता जनाउन सक्ने श्रीकृष्ण प्रणामी मन्दिर सञ्चालक समितिका अध्यक्ष मोहन ढकालले वताए।

# पोखरा विश्वविद्यालय शिक्षण अस्पतालमा दन्त सेवा सञ्चालन

**पोखरापत्र संवाददाता**
पोखरा, १२ साउन

पोखरा विश्वविद्यालय शिक्षण अस्पतालमा अत्याधुनिक उपकरण तथा प्रविधिसहितको दन्त उपचार सेवा सञ्चालनमा आएको छ।

दन्त विभागमा अस्थायी/स्थायी रूपमा दाँतसम्बन्धी सम्पूर्ण सेवा उपलब्ध रहेको पोखरा विश्वविद्यालयका सूचना अधिकारी लोकप्रसाद ढकालले जानकारी दिनुभयो । उहाँकानुसार अस्पतालले बहिरङ्ग (ओपिडी), स्त्री तथा प्रसूति रोग, हाडजोर्नी तथा नसा रोग, बालरोग, फिजिसियन तथा जनरल मेडिसिन सेवाका साथै इमर्जेन्सी, युएसजी र इसिजी सेवासँगै दन्त रोग उपचार सेवा सञ्चालनमा ल्याएको हो।

दन्त विभागलाई दक्ष तथा अनुभवी एकजना बिडिएस डेन्टल सर्जन र एकजना पिसिएल डेन्टल हाइजिनिष्टको नेतृत्वमा सञ्चालन गरिएको पोखरा विश्वविद्यालय शिक्षण अस्पतालका निर्देशक सह-प्राडा दीपेन्द्रकुमार यादवले जानकारी दिनुभयो । शिक्षण अस्पताल सरकारी भएकाले दन्त सेवा शुल्क र उपचार खर्च अन्य सरकारी अस्पताल सरह भएको उहाँले बताउनुभयो।

दन्त चिकित्सक डा मानुषी पौडेलले पोखरा विश्वविद्यालय शिक्षण अस्पतालअन्तर्गत डेन्टल ओपिडी सेवा बिदाको दिनबाहेक १० देखि ५ बजेसम्म सञ्चालन हुने र यहाँ दाँतका बिरामीहरूलाई सुविधासम्पन्न ल्याबदेखि फार्मेसीसम्मका सम्पूर्ण सेवा उपलब्ध रहेको जानकारी दिनुभयो।

# जनताले प्राप्त गरेको अधिकार कसैले खोस्न सक्दैन : अध्यक्ष प्रचण्ड

**पोखरापत्र संवाददाता**
पोखरा १२ साउन

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले नेपाली जनताले प्राप्त गरेको अधिकार खोस्ने जमर्को भए त्यसको प्रतिवाद गरिने बताउनुभएको छ।

नेकपाका संस्थापक महासचिव पुष्पलाल श्रेष्ठको जन्म शताब्दीका अवसरमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले संविधानसभाबाट निर्माण भएको संविधानमा प्राप्त भएका जनताका अधिकार कोही कसैले पनि खोस्न नसक्ने उल्लेख गर्नुभयो । उहाँले आदिवासी, जनजाति, महिला, दलित, अल्पसङ्ख्यक समुदायलाई थप अधिकार सम्पन्न बनाउन संविधान संशोधन गर्नुपर्ने आफूहरूको मत रहेको र पछिल्लोपटक संसद्मा सम्बोधन गर्दासमेत त्यही विषयलाई केन्द्रित गरेको बताउनुभयो।

संविधन संशोधनको नाममा प्रतिगमनतिर लैजाने काम गरिए त्यो आफूहरूलाई सह्य नहुने अध्यक्ष दाहालको भनाइ छ।

# पेरिस ओलम्पिकमा नेपालका श्यान्टु पराजित

**रासस**
काठमाडौं, १२ साउन

पेरिस ओलम्पिक-२०२४ अन्तर्गत टेबलटेनिस खेलमा नेपालका श्यान्टु श्रेष्ठ पराजित भएका छन्।


पुरुष एकल राउन्डको प्रारम्भिक चरणमा श्यान्टु सेनेगलका इब्राहिम डिएवसँग ४-० ले पराजित भएका हुन् । पहिलो सेटमा १०-१२ ले पराजित भएका उनी त्यसपछि ३-११, ४-११ र ५-११ ले पराजित हुनपुगे । श्यान्टुले यसअघि नेपालमै भएको दक्षिण एसियाली छनोटको फाइनल खेलमा नेपालकै संयोग कपालीलाई हराउँदै ओलम्पिकमा आफ्नो स्थान सुरक्षित गरेका थिए। छनोट चरण पार गरेर पेरिस ओलम्पिक २०२४ मा सहभगिता जनाउने उनी एक्लो खेलाडी हुन्। समग्रमा छनोट चरण पार गरेर ओलम्पिक खेल्ने उनी तेस्रो खेलाडी हुन् । यसअघि सङ्गिना वैद्य र दीपक विष्टले छनोट चरण पार गरेर ओलम्पिक खेलेका थिए।


## कपालको उपचार

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाइसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरू :

- शरिरको एक हर नचल्ने ।
- मुख बाङ्गो भएको ।
- खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
- हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरुषमा देखिने**: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरुमा देखिने**: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) नि:सन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# मनाङबाट ३२ किलो यार्सागुम्बा निकासी

**रासस**
मनाङ, १२ साउन

मनाङको तल्लो क्षेत्रमा यार्सागुम्बा सङ्कलन कार्य सम्पन्न भएको छ । उक्त क्षेत्रबाट ३२ किलो पाँच सय ग्राम यार्सागुम्बा निकासी भएको छ ।

अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) इकाई मनाङका प्रमुख ढकबहादुर भुजेलले असार मसान्तसम्ममा सो परिमाणको यार्सागुम्बा सङ्कलन तथा निकासी भएको जानकारी दिनुभयो । उक्त परिमाणको यार्सागुम्बा निकासीबाट रु १६ लाख ५७ हजार पाँच सय राजस्व सङ्कलन भएको उहाँले बताउनुभयो । यार्सा निकासीका लागि प्रतिकिलो रु ५१ हजार दस्तुर लिने गरिएको छ । निकासी गरिएको दस्तुर रु ५१ हजारमध्येबाट रु १० हजार संरक्षण क्षेत्र व्यवस्थापन समिति तथा रु १० हजार स्थानीय तहलाई उपलब्ध गराइन्छ । मनाङमा यार्सागुम्बा सङ्कलन नाम्के खर्कबाट सुरु गरिएको थियो । यहाँका धैरै खर्कमा यार्सागुम्बा पाउने भए पनि नासों गाउँपालिका-८ ताचैस्थित नाम्केबाट सङ्कलन गरिन्छ । गत वैशाख १० गतेदेखि नाम्के खर्कबाट करिब दुई सय जनाले यार्सागुम्बा सङ्कलनको अनुमति लिएका थिए । अनुमतिपत्रबिना औषधीय जडीबुटी सङ्कलन गर्न पाइँदैन । जसले गर्दा अनुमति लिएपछि मात्रै खर्कतर्फ जान दिइने गरिन्छ ।

प्रमुख भुजेलका अनुसार मनाङमा नाम्के खर्क यार्सागुम्बा सङ्कलन गर्ने पहिलो गन्तव्य हो । खर्कबाट यार्सागुम्बा सङ्कलन गर्न अनुमति दिने निर्णयबमोजिम सङ्कलकलाई अनुमति दिइएको संरक्षण क्षेत्र व्यवस्थापन समितिका संयोजक एवं नासों-८ का वडाध्यक्ष याद घलेले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) इलाका कार्यालय मनाङको संयोजकत्वमा संरक्षण क्षेत्र व्यवस्थापन समितिले यार्सागुम्बा सङ्कलनका लागि अनुमति दिएपछि मात्रै खर्क जान पाउने प्रावधान छ । सोहीअनुरुप यार्सागुम्बा सङ्कलनका निम्ति नाम्के खर्कमा स्थानीयका साथै बाहिरी जिल्लाबाट आएका व्यक्तिलाई सङ्कलन अनुमति दिइन्छ ।" मनाङमा वैशाखदेखि असार मसान्तसम्म यार्सागुम्बा सङ्कलन गरिन्छ । यार्सागुम्बा खोज्ने क्रममा २०६६ सालमा नारस्थित नाम्म्य खर्कमा गोरखाका सात जनाको स्थानीयले हत्या गरेका थिए । त्यसपछि सुरक्षा चुनौतीका कारण मनाङको साविकको 'नार' र 'फु' गाविमा यार्सागुम्बा सङ्कलन कार्य रोकिएको थियो । नार्पाभूमि गाउँपालिकाका अध्यक्ष कोन्जो तेन्जिङ लामाले यार्सागुम्बा सङ्कलन गर्न अन्य जिल्लाका सङ्कलकलाई अनुमति नदिइएको बताउनुभयो । उहाँले भन्नुभयो, "सुरक्षाको चुनौतीकै कारण बाह्य जिल्लाबाट आउने यार्सागुम्बा सङ्कलकलाई रोक लगाएका छौँ । विगतका जस्ता घटना दोहोरिनु हुँदैन भनेर स्थानीयलाई मात्र सङ्कलनको अनुमति दिँदै आएका छौँ ।" यार्सागुम्बा सङ्कलनका लागि अनुमति लिन प्रतिव्यक्ति रु ३५ हजार शुल्क तोकिएको छ । उहाँले पहिले जस्तै नार र फु मा अन्य जिल्लाबाट आउने सङ्कलकलाई यार्सागुम्बा सङ्कलनमा रोक लगाइएको बताउनुभयो । नार्पाभूमिको नार र फु संरक्षित र निषेधित दुवै क्षेत्र भएकाले सुरक्षाका हिसाबले पनि विगतको जस्तो अवस्था सिर्जना नहोस् भनी निर्णय गरिएको हो । अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) इलाका कार्यालय मनाङले यार्सागुम्बा सङ्कलनका लागि स्वीकृति दिएपछि मात्रै सङ्कलन गर्न खर्क पस्न पाउँछन् । मनाङसँगै लमजुङ, गोरखा र धादिङका स्थानीय यार्सागुम्बा सङ्कलन गर्न मनाङका लेक पुग्छन् । नार घटनापछि एक्याप मनाङले यार्सागुम्बा सङ्कलनलाई व्यवस्थित बनाउँदै लगेको छ । जिल्ला समन्वय प्रमुख, पालिकाका अध्यक्ष, सुरक्षा निकायका प्रमुख र संरक्षण समितिका पदाधिकारीसहितको बैठकपछि मात्रै यार्सागुम्बा सङ्लकनका लागि खुलाउने प्रावधान छ । संयुक्त बैठकले निर्णय गरेबमोजिम पुर्जी काटेर सङ्कलन अनुमति दिइन्छ । पुर्जी काटिसकेपछि मात्रै स्थानीय तथा बाह्य जिल्लाबाट आउने सङ्कलकलाई खर्क जान अनुमति दिइने संरक्षण व्यवस्थापन समितिले जनाएको छ । चार वटा स्थानीय तह रहेको मनाङमा धारापानी र थौँचेबाहेक सबै लेकमा यार्सागुम्बा पाइन्छ । मनाङमा यार्सागुम्बा पाइने क्षेत्रमा सङ्कलन गर्न जाने सङ्कलकले १० यार्सागुम्बा टिपेपछि एउटा सोही स्थानमा छाड्नुपर्ने प्रावधान छ । मनाङको नाम्म्य खर्क, किन्चो लेक, याक खर्क, पिसाङ लेक, फु लेकलगायतका खर्कमा यार्सागुम्बा बढी पाइने स्थान हुन् । यार्सागुम्बा सङ्कलन कार्य नाम्म्य खर्कबाट सुरु भई नार, फु र माथिल्लो मनाङको खाङ्सार खर्कमा सकिन्छ ।

# पहिराले नहर पुरिँदा पाँच सय हेक्टर जमिन बाँझो

**पोखरापत्र संवाददाता**
वालिङ, १२ साउन

पहिराले नहर पुरिँदा स्याङ्जाको चापाकोटमा झण्डै पाँच सय हेक्टर जमिन बाँझो भएको छ । चापाकोट नगरपालिका-४ दार्सिङस्थित ज्याग्दीखोलामा बाँध बाँधेर २७ किलोमिटर टाढाबाट सिँचाइका लागि पानी ल्याइएको नहर पहिराले पुरिँदा खेतीयोग्य जमिन बाँझो रहेको हो ।

गत असार २२ गते अविरल वर्षासँगै आएको पहिराले ठूला ढुङ्गा ल्याइ नहर पुरिएको थियो । अहिले पनि नहरबाट पहिरो हटाउन नसकिएकाले पानी सञ्चालन गर्न नसकिएको चापाकोट टार सिँचाइ योजना जल उपभोक्ता समितिका अध्यक्ष कृष्णप्रसाद सुवेदीले बताउनुभयो । "गत असार २२ गते विभिन्न ठाउँमा नहरको माथिल्लो भागबाट ठूला ढुङ्गासहितको पहिरा आएर पुरिएको छ", उहाँले भन्नुभयो, "ससाना पहिराहरु त हटायौँ तर ठूला ढुङ्गासहितको पहिरा हटाउन पटकपटक प्रयास गरिएता पनि सकिएको छैन ।"

नहरको छ किमी तीन सय मिटरको दूरीमा रहेको भुङ्दी र चार किलोमिटर नौ सय ५० मिटरको दूरीमा रहेको डाङ्ग्रेपानी भन्ने ठाउँमा ठूला ढुङ्गासहितको पहिराले नहर अवरुद्ध भएको उहाँले बताउनुभयो । "स्थानीय खोला खोल्साको पानीले करिब पाँच सय हेक्टर क्षेत्रफलमा धान रोपाइँ भएको छ", उहाँले भन्नुभयो, "बाँकी रहेको पाँच सय हेक्टर क्षेत्रफलमा रोपाइँ गर्नका लागि नहर चल्नैपर्छ, वर्षा नभएमा र नहर नचलेमा अहिले रोपिएको धान खेतमा धाँजा फाट्छन् ।" पहिराले नहरमा ठूला ढुङ्गा ल्याउँदा त्यसलाई हटाउन समस्या भएको नगर प्रमुख देवबहादुर खाँणले बताउनुभयो । "पहाडको भिरालो भागमा नहरभन्दा माथिबाट ठूला ढुङ्गा आएर अड्किएको छ" उहाँले भन्नुभयो, "मान्छे लगाएर, फोडेर हटाउन सकिने अवस्था छैन, त्यहाँ डोजरलगायतका साधनहरु जाने ठाउँ पनि छैन ।" नगरपालिकाको पहलमा ढुङ्गा हटाउनका लागि नगरस्तरीय विपद समिति, जिल्ला विपद व्यवस्थापन समिति, जिल्ला सुरक्षा समिति, गण्डकी प्रदेशका मुख्यमन्त्री, सिँचाइ, ऊर्जालगायतका मन्त्रालय र केन्द्रमा गृह, उर्जा, रक्षा मन्त्रालयहरुमा पटक-पटक जानकारी र छलफल जारी रहेको उहाँले बताउनुभयो । "स्थानीय स्रोत र साधनको प्रयोग गरी ढुङ्गा हटाउन सकिने स्थिति देखिएन", उहाँले भन्नुभयो, "ठूला ढुङ्गा हटाउने एकमात्रै विकल्प भनेको विष्फोटक पदार्थको प्रयोग गरी ढुङ्गा फुटाल्नु हो, त्यसका लागि नेपाली सेनासित निरन्तर छलफल जारी रहेको छ ।" नेपाली सेनाले सम्बन्धित ठाउँको वस्तुस्थिति अध्ययन गरिसकेकाले अब छिट्टै ढुङ्गा हटाएर नहर सञ्चालन गर्न सकिन्छ । पहिराले नहर पुरिएको स्थानमा ढुङ्गा फुटाल्नका लागि आवश्यक पर्ने विष्फोटक पदार्थसमेत हेलिकप्टरको प्रयोग गरी लैजानुपर्ने स्थिति रहेको उहाँले बताउनुभयो । "साउनको दोस्रो साता भइ सक्दा धान रोप्न ढिलाइ नहोस् भनेर भुङ्दी खोलाको पानीले रोप्न सुरु गर्न भनेका छौँ", उहाँले भन्नुभयो, "अब केही दिनमा नहर सञ्चालनका लागि हामी निरन्तर लागि रहेका छौँ ।" विष्फोटक पदार्थ नेपाली सेनाबाहेक अरुले प्रयोग गर्न नपाउने र प्रक्रिया झण्झटिलो र लामो हुने भएकाले नहर सञ्चालनमा ढिलाइ भएको गण्डकी प्रदेशका पूर्वसांसद भागवतप्रकाश मल्लले बताउनुभयो । विष्फोटक पदार्थको प्रयोग गर्नुपर्ने भएकाले त्यसको लागत स्टिमेट नेपाली सेनाले उपलब्ध गराउने र स्रोतको सुनिश्चितता गरी काम अगाडि बढाइने उहाँले बताउनुभयो ।

"नहर सञ्चालन गर्न चापाकोट नगरपालिका, गण्डकी प्रदेश सरकार तथा अन्य सरोकारवालाका तर्फबाट निरन्तर पहल भइरहेको छ", उहाँले भन्नुभयो, "विष्फोटक पदार्थको प्रयोग गरी ढुङ्गा हटाउनका लागि प्रक्रिया अन्तिम चरणमा पुगेकाले केही दिनभित्रै नहर सञ्चालन भई रोपाइँ गर्न सकिन्छ ।"

# फोहरबाट आम्दानी गर्ने योजना बनाउँदै व्यास नगरपालिका

**पोखरापत्र संवाददाता**
दमौली, १२ साउन

तनहुँको व्यास नगरपालिकाले खेर गइरहेको फोहर व्यवस्थापनबाट आम्दानी गर्ने योजना अघि बढाएको छ ।

पहिलो चरणमा नकुहिने फोहरलाई मोहरमा बदल्ने सोचसहित सूक्ष्म रूपमा वर्गीकरण गरेर बिक्री वितरण गर्ने प्रक्रिया अघि बढाइएको नगरपालिकाले जनाएको छ । वन, वातावरण तथा सरसफाइ शाखा प्रमुख नवराज कँडेलले विगत लामो समयदेखि नकुहिने फोहरलाई खाडल खनेर पुर्दै आएकामा हाल कार्यालय परिसरमै व्यवस्थापन गरी बिक्री वितरणको तयारी गरिएको जानकारी दिनुभयो । "यसअघि वडा नं ३ मादीनदी किनारस्थित भतेरीमा नकुहिने फोहर व्यवस्थापन गर्दै आएका थियौँ । त्यहाँको सम्झौता अवधि सकिएकाले अर्को व्यवस्था नहुँदासम्म कार्यालय परिसरबाटै फोहर व्यवस्थापन गर्न लागिएको छ", उहाँले भन्नुभयो, "यसरी सङ्कलित फोहरको वर्गीकरण गरी बिक्री वितरणको योजना बनाएका छौँ । त्यसका लागि ट्रष्ट निर्माण र व्यवस्थित वर्गीकरणका लागि आवश्यक मेसिन खरिदको काम भइरहेको छ ।"

नगरपालिका क्षेत्रमा हाल दैनिक १५ टन नकुहिने र सात टन कुहिने फोहर सङ्कलन हुने गरेको छ । यसको दिगो व्यवस्थापनका लागि वडा नं १३ मा जग्गा खरिद प्रक्रिया अगाडि बढाइएको नगरपालिकाले जनाएको छ । यहाँ पूर्वनिर्धारित स्थलमा फोहर विसर्जनका लागि भएको सम्झौता अवधि सकिएपछि यही साउन १ गतेदेखि दमौली बजारलगायत आसपासका क्षेत्रबाट नकुहिने फोहर सङ्कलनमा समस्या भइरहेको छ । कुहिने फोहर वडा नं १० दुम्सीस्थित गौ संरक्षण केन्द्रमा व्यवस्थापन हुँदै आएको छ । प्रमुख प्रशासकीय अधिकृत काशिराम गैरेले प्लाष्टिक, सिसा, कपडा र फलामलगायत नकुहिने वस्तुलाई छ किसिमले सूक्ष्म वर्गीकरण गरी बिक्री गर्ने योजना बनाइएको जानकारी दिनुभयो । यसबाट मासिक रु एक लाखभन्दा बढी आम्दानी गर्ने लक्ष्य राखिएको उहाँको भनाइ छ । यसअघि खाडल खनेर पुरिँदै आएको नकुहिने फोहर अब सरसफाइ शाखाका कर्मचारी परिचालन गरी वर्गीकरण गर्ने र त्यसपछि आवश्यक प्रक्रिया पूरा गरेर बिक्री वितरण गरिने गैरेले बताउनुभयो ।

नगर प्रमुख बैकुण्ठ न्यौपानेले हालसम्म फोहर व्यवस्थापनका लागि लाखौँ रकम खर्च गरिरहेको नगरले अब त्यसैबाट आम्दानी गर्ने गरी काम गर्ने बताउनुभयो । "हामीले सिसाका बोतल खरिद गर्न प्रस्ताव माग गरिसकेका छौँ । सबै किसिमका वस्तु बिक्रीका लागि आवश्यक तयारी भइरहेको छ", उहाँले भन्नुभयो,"सरसफाइ क्षेत्रमा लाखौँ खर्च गर्दै आएकामा अब फोहरलाई आम्दानीको स्रोतका रूपमा अगाडि बढाउने छ । सोहीअनुसार आवश्यक काम भइरहेका छन् ।"

# पोखराका कुशल गुरुङ नेपाल नवीकरणीय ऊर्जा परिसंघको अध्यक्षमा चयन

**पोखरापत्र संवाददाता**
पोखरा, १२ साउन

उर्जाविद् एवं पोखरेली युवा व्यवसायी कुशल गुरुङ नेपाल नवीकरणीय ऊर्जा परिसंघ (रिकोन) को अध्यक्षमा चयन हुनु भएको छ । शुक्रबार सम्पन्न रिकोनको ७ औं साधारणसभाबाट गुरुङ्गको अध्यक्षतामा नयाँ कार्यसमिति चयन भएको हो ।

दुई दशकदेखि वैकल्पिक ऊर्जा क्षेत्रमा क्रियाशिल गुरुङ्ग सर्वसम्मतिबाट चयन हुनु भएको हो । त्यसै गरी परिसंघको उपाध्यक्षमा केशवराज खनाल, महासचिवमा ऋषवराज आचार्य, कोषाध्यक्षमा कृष्णप्रसाद पराजुली र सचिवमा तेजनारायण ठाकुर चयन हुनु भएको हो भने सदस्यहरुमा यबबहादुर मगर, हरिनारायण गौतम, अर्चना सिंह र प्रकाश लामिछाने रहनु भएको छ । वीण्ड पावर नेपालका प्रमुख कार्यकारी अधिकृत र गण्डकी ऊर्जा प्रालिका सञ्चालक समेत रहनु भएको अध्यक्ष गुरुङले नेपालमा उर्जाको अथाह सम्भावना भएकोले यसको उचित व्यबस्थापन गर्नुपर्नेमा जोड दिनु भयो । कार्वन उत्सर्जन कम गर्नका लागि पनि नविकरणीय उर्जाको उपयोग बढाउनुपर्ने बताउदै अध्यक्ष गुरुङले सरोकारवाला सबैसँग सहकार्य र समन्वय गरेर अघि बढ्ने बताउनु भयो । कार्यक्रममा निवर्तमान अध्यक्ष गुणराज ढकालले नवीकरणीय ऊर्जाको क्षेत्र स्वार्थलाई त्यागेर लाग्न आग्रह गर्नु भयो ।

# दुई हजार रोपनीमा फलफूल बगैँचा स्थापना

**पोखरापत्र संवाददाता**
दमौली, १२ साउन

तनहुँमा एक वर्षको अवधिमा दुई हजार बढी रोपनी क्षेत्रफलमा फलफूल, लिची, आँप आदिको क्षेत्र विस्तार गरिएको छ । कृषि ज्ञान केन्द्रको सहयोगमा सञ्चालित फलफूल बगैँचा स्थापना तथा विस्तार कार्यक्रमबाट तीन कृषक समूह, २८ कृषि फर्म र एक सहकारीका गरी एक सय ७८ घरधुरी लाभान्वित भएका छन् ।

यस कार्यक्रमबाट दुई हजार ३६ रोपनी क्षेत्रफलमा सुन्तला जातका फलफूल खेतीको विस्तार भएको कृषि ज्ञान केन्द्र प्रमुख गोपाल शर्मा लामिछानेले जानकारी दिनुभयो । यस कार्यक्रमका लागि आर्थिक वर्ष २०८०/८१ मा रु ४५ लाख विनियोजन गरिएकामा रु ३० लाख २५ हजार छ सय २९ खर्च भएको लामिछानेको भनाइ छ । कृषकलाई फलफूल खेतीमा आकर्षित गराउँदै आत्मनिर्भर बनाउन फलफूल बगैँचा स्थापना तथा विस्तारका लागि सहयोग गरिएको लामिछानेले उल्लेख गर्नुभयो ।

कार्यक्रमअन्तर्गत कृषकलाई दुई हजार एक सय १५ कागती बिजु बिरुवा, दुई हजार पाँच सय कलमी बिरुवा, पाँच सय १५ लिची, छ हजार दुई सय ४५ बिजु बिरुवा र नौ सय ८५ कलमी बिरुवा वितरण गरिएको थियो । त्यस्तै सात सय ८० निबुवाका बिजु बिरुवा, एभोकाडो दुई सय ९५, आँप एक सय ३०, मेवा चार सय ५०, मेकाडेमिया १०, कटहर १०, केरा दुई हजार आठ सय ७०, जुनार तीन सय ७०, अम्बा दुई सय ५०, सिउँडीफूल एक हजार एक सय ५० गरी १८ हजार छ सय ३५ बिरुवा वितरण गरिएको लामिछानेले बताउनुभयो । कृषक समूहमार्फत पानी तान्ने मोटर पाँच, खाडल खन्ने मेसिन तीन, मिनिटिलर पाँच, स्प्रेयर १४, हजारी चार, डिजिटल तराजु एक, निलोतुथो २५ किलो, कृषि चुन एक सय किलो, हिल ट्याङ्की ६२, गोठे मल ९१ हजार पाँच सय किलो, ठेलागाडा ११, सिकेचर ४३, प्लाष्टिक पोखरी तीन खरिद गरिएको थियो । यसैगरी कार्यालयले फलफूल बगैँचा व्यवस्थापन तथा सुदृढीकरण कार्यक्रम अन्तर्गत कृषकलाई रु ३८ लाख २१ हजार तीन सय ४१ वितरण गरेको छ । कार्यक्रमका लागि रु ५२ लाख बजेट रहे पनि ७३ दशमलव ४८ प्रतिशत मात्रै खर्च भएको लामिछानेको भनाइ छ ।

यस कार्यक्रमबाट चार कृषक समूह र ५३ कृषि फार्मका गरी एक सय ५३ घरधुरी लाभान्वित भएका छन् । कार्यक्रमबाट आठ सय ३२ रोपनी क्षेत्रफलमा सुन्तला व्यवस्थापन तथा सुदृढीकरणसम्बन्धी कार्यक्रम सम्पन्न भएको कृषि ज्ञान केन्द्रले जनाएको छ । यो कार्यक्रमबाट कृषकलाई छ थान पानी तान्ने मोटर, १२ थान स्प्रिङ्कल सिँचाइ, निलोतुथो दुई सय किलो, मिनीटिलर १२, डिजिटल तराजु १२, सिकेचर ४२, प्लास्टिक पोखरी एकलगायत वितरण गरिएको थियो ।

# तनहुँमा नेपाल खेलकुद पत्रकार मञ्च गठन

**पोखरापत्र संवाददाता**
तनहुँ, १२ साउन

तनहुँमा खेलकुल पत्रकार मञ्च गठन गरिएको छ ।

भानु नगरपालिका-१ भन्सारमा आज बसेको पत्रकारको भेलाले पत्रकार मदन वाग्लेको अध्यक्षतामा १३ सदस्यीय नेपाल खेलकुद पत्रकार मञ्च तनहुँ गठन गरेको हो । समितिको उपाध्यक्षमा पूर्ण विक, सचिवमा उपेन्द्र खनाल, कोषाध्यक्षमा मिला दरै र सहसचिवमा सुदीप पौडेल रहनुभएको छ ।

त्यस्तै, समितिको सदस्यमा मनोजकुमार श्रेष्ठ, राजेश कार्की, करिस्मा गुरुङ, हरि खरेल, रामबहादुर धामी, सरेश सेन्चुरी, मिलन तामाङ र डिपी अधिकारीलाई चयन गरिएको छ । यसैगरी १७औँ भानुकप फुटबल प्रतियोगिताको पूर्वसन्धयामा आज यहाँ आयोजित मैत्रीपूर्ण फुटबलमा नेपाल पत्रकार महासङ्घ तनहुँ विजयी भएको छ । मैत्रीपूर्ण फुटबलमा महासङ्घ तनहुँले आयोजक भन्सार युवा परिवारलाई ४-३ गोलले पराजित गरेको हो ।


# कर्जा चुक्ता गर्न आउने बारेको ७ दिने अत्यन्त जरूरी सूचना

**(प्रकाशित मिति २०८१/०४/१३)**

तपसीलमा उल्लेखित तपाई ऋणीले यस सहकारी संस्थाबाट कर्जा उपभोग गरि तिर्नुपर्ने साँवा तथा व्याज रकम नबुझाई, कर्जा सम्झौता उल्लङ्घन गर्नु भएको र बारम्बार मौखिक तथा लिखित रुपमा जानकारी गराउँदा पनि संस्थाको कुनैपनि किसिमको सम्पर्कमा नरहनु भएकाले अन्तिम पटक ७ दिने सूचना प्रकाशित गरिएको छ । अतः यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र यस संस्थामा सम्पर्क राखी आफूले तिर्न बुझाउन बाँकी रहेको साँवा, व्याज तथा अन्य दै-दस्तुर समेत चुक्ता भुक्तान गर्नुहोला । साथै धनजमानी तथा व्यक्तिगत धनजमानी दिनेले समेत सम्पूर्ण साँवा ब्याज तथा अन्य दै-दस्तुर समेत चुक्ता गर्न लगाउनु हुन यसै सूचनाबाट सूचित गरिन्छ । अन्यथा धितो सुरक्षण बापत तपाईले यस संस्थालाई लेखिदिएको धितो (सम्पत्ति) जग्गा जहाँ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा सहकारी ऐन २०७४, सहकारी नियमावली २०७६, प्रचलित सहकारी मापदण्ड नीति नियम तथा कानुनको प्रयोग गरी धितोमा रहेको सम्पत्ति लिलाम बिक्री वा अन्य कुनै उपयुक्त व्यवस्था गरी संस्थाले असुल उपर गरी लिने व्यवहोरा यसै सूचनाबाट सूचित गरिन्छ ।

तपशिल

| ऋणीको नाम थर ठेगाना | ऋणीको फोटो | जमानी नाम थर ठेगाना |
|---|---|---|
| नामः थम बहादुर गुरुङ<br>नागरिकता नं.: १५८७३७<br>जारी मितिः २०६२/०३/०८<br>बुबाको नामः खम्बा सिं गुरुङ<br>हजुरबुबाको नामः मन बहादुर गुरुङ<br>स्थायी ठेगानाः मादी-७, थाक कास्की<br>हालको ठेगानाः मादी-७, थाक कास्की<br>फोन नं.: ९८१३०३२२२० |  | नामः अर्जुन गुरुङ<br>नागरिकता नं.: १५८८२४<br>जारी मितिः २०६२/०३/१०<br>बुबाको नामः थम बहादुर गुरुङ<br>हजुरबुबाको नामः खम्बा सिं गुरुङ<br>स्थायी ठेगानाः सिन्दुजुरे-६, कास्की<br>हालको ठेगानाः मादी-७, थाक कास्की<br>फोन नं. : ९८२७५१९०२७ |

विस्तृत जानकारीको लागि
**श्री विजय बचत तथा ऋण सहकारी संस्था लि.**
पोखरा १३, पाटनबेसी दुधपोखरीचोक, कास्की
फोन नं. : ०६१-५८१०८१, मो.नं. ९८६२९५०८७८, ९८५६०१३०००